गुराँस गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रानीमत्ता, दैलेख
कर्णाली प्रदेश, नेपाल

# स्थानीय राजपत्र

**खण्डः ०४** **संख्याः ०३** **मितिः २०८०/०५/०४**

**भाग–२**

**गुराँस गाउँपालिका**

## पालिकाको स्वयम सेवक शिक्षक व्यवस्थापन कार्यविधि, २०८०

कार्यपालिकाबाट पारित मिति : २०८०/०५/०५

**प्रस्तावना:**

गुराँस गाउँपालिका अन्तर्गत संचालित सामुदायिक विद्यालयहरुमा शून्य शिक्षक दरबन्दी तथा उच्च शिक्षक विद्यार्थी अनुपातलाई मध्य नजर गरी शिक्षकहरुको मागलाई पूर्ती गर्न स्वयमसेवक शिक्षक छनौट मापदण्ड निर्धारण, परीक्षा संचालन नियुक्ति तथा पदस्थापनलाई व्यवस्थित, मर्यादित एवम स्तरीय बनाउन र योग्य एवम् सक्षम जनशक्तिको छनौट गरी अनिवार्य तथा निःशुल्क शिक्षा कार्यान्वयन गर्दै शिक्षाको गुणस्तर अभिवृद्धि गर्नको लागि नेपालको संविधान २०७२ को अनुसूची ८ को आधारभूत तथा माध्यमिक शिक्षा सम्बन्धी एकल अधिकार र स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ को उप दफा (२) (ज) अनुसार स्थानीय तहलाई दिएको अधिकार प्रयोग गर्न स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उप दफा (२) बमोजिम तथा आधारभूत तथा माध्यमिक शिक्षा ऐन २०७५ को दफा ४९ ले दिएको अधिकार प्रयोग गरियो । गाउँ स्वयंसेवक शिक्षक व्यवस्थापन कार्यविधि २०८० जारी गरिएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यो कार्यविधिको नाम स्वयम सेवक शिक्षक व्यवस्थापन कार्यविधि २०८० रहेको छ र यो कार्यविधि कार्यपालिकाले पारित गरेको मितिदेखि लागु हुनेछ ।

२. **परिभाषाः** विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "पूर्व प्राथमिक शिक्षा" भन्नाले चार वर्ष उमेर पुरा भएका बालबालिकालाई कक्षा एकमा भर्ना गर्नु भन्दा पहिला दिइने १ वर्षको शिक्षालाई सम्झनुपर्छ ।

(ख) "आधारभूत तह" भन्नाले आधारभूत तह भन्नाले कक्षा १ देखी ८ सम्म दिइने शिक्षा लाई सम्झनु पर्छ ।

(ग) "माध्यमिक तह" भन्नाले कक्षा ९ देखि १२ सम्म दिइने शिक्षालाई सम्झनु पर्छ ।

(घ) "कार्यपालिका" भन्नाले गुराँस गाउँपालिकाको कार्यपालिकालाई सम्झनु पर्छ ।

(ङ) "पालिका" भन्नाले नेपालको संविधान बमोजिम गठन भएको गुराँस गाउँपालिकालाई सम्झनु पर्छ ।

(च) "छनोट समिति" भन्नाले नियम बमोजिम नियम ७ को उप नियम १ बमोजिम गठन भएको गाँउ स्वयम् सेवक शिक्षक छनौट समितिलाई सम्झनु पर्छ ।

(छ) "प्रधानाध्यापक" भन्नाले शिक्षा नियमावली २०५९ को नियम ९३ बमोजिम नियुक्त विद्यालयको प्रधानाध्यापक सम्झनु पर्छ ।
प्रमुख भन्नाले पालिकाका प्रमुखलाई सम्झनु पर्छ ।

(ज) "प्रमुख प्रशासकिय अधिकृत" भन्नाले पालिकाको प्रमुख प्रशासकिय अधिकृत लाई सम्झनु पर्छ ।

(झ) "व्यवस्थापन समिति भन्नाले संघिय शिक्षा ऐन दफा १२ बमोजिम गठन भएको विद्यालय व्यवस्थापन समितिलाई सम्झनु पर्छ ।

(ञ) "शाखा प्रमुख" भन्नाले पालिकाको शिक्षा, युवा तथा खेलकुद शाखाको प्रमुख तथा सो को काम काज गर्न तोकिएको कर्मचारीलाई सम्झनु पर्छ ।

(ट) "शिक्षा अधिकृत" भन्नाले पालिकको शिक्षा युवा तथा खेलकुद शाखाको अधिकृतलाई सम्झनु पर्छ ।



पालिकाको स्वयम सेवक शिक्षक व्यवस्थापन कार्यविधि, २०८०

(ठ) "शिक्षक सेवा आयोग" भन्नाले संघिय कानुन बमोजिम शिक्षकहरुको स्थायी नियुक्तिको लागि सिफारिस गर्न गठन भएको आयोगलाई सम्झनु पर्छ ।

(ड) "पालिका बाल कक्षा स्वयम सेवक शिक्षक" भन्नाले पूर्व प्राथमिक शिक्षामा पालिकाबाट प्रदान गरेको एकमुष्ट अनुदानमा विद्यालय व्यवस्थापन समितिले निजिश्रोत बालकक्षा शिक्षक वा स्वयम सेवक शिक्षकको नामवाट नियुक्त गरिएका स्वयम सेवक शिक्षकलाई समझनु पर्छ ।

(ढ) "आधारभूत पालिका स्वयम सेवक शिक्षक" भन्नाले आधारभूत तहमा पालिकावाट प्रदान गरेको एकमुष्ट अनुदानमा विद्यालय व्यवस्थापन समितिले निजिश्रोत शिक्षक वा स्वयम सेवक शिक्षकको नामवाट नियुक्त गरिएका स्वयम सेवक शिक्षकलाई समझनु पर्छ ।

(ण) "माध्यमिक पालिका स्वयम सेवक शिक्षक" भन्नाले माध्यमिक तहमा पालिकावाट प्रदान गरेको एकमुष्ट अनुदानमा विद्यालय व्यवस्थापन समितिले निजि श्रोत शिक्षक वा स्वयम सेवक शिक्षकको नामवाट नियुक्त गरिएका स्वयम सेवक शिक्षकलाई समझनु पर्छ ।

(त) "विषय विज्ञ" भन्नाले गाउँपालिका स्वयम सेवक शिक्षक छनौट परीक्षा संचालनको लागि शिक्षा विकास तथा समन्वय ईकाइ तथा पालिकावाट सूचीकृत प्राथमिक, निम्न माध्यमिक र माध्यमिक स्थायी शिक्षकलाई सम्झनु पर्छ ।

(थ) "एकमुष्ट अनुदान" भन्नाले गाउँ कार्यपालिकाको निर्णय बमोजिम पालिका स्वयम् सेवक शिक्षक कोटाको आधारमा विद्यालयलाई शैक्षिक गुणस्तर रुपमा निर्वाह भत्ता स्वरूप प्रदान गरिने अनुदान रकम सम्झनु पर्छ ।

(द) "विद्यालय" भन्नाले संघिय कानुन बमोजिम अनुमति तथा स्वीकृत प्राप्त सामुदायिक विद्यालयलाई सम्झनु पर्छ ।

(ध) "निजि स्रोत शिक्षक" विद्यालय व्यवस्थापन समितिले निजि स्रोतमा नियुक्त गरेका शिक्षक त्यस पछि पालिका स्वयम् सेवक शिक्षकको निर्वाह भत्ता खाइपाएका पालिका स्वयम् सेवक शिक्षकलाई सम्झनुपर्छ ।

## परिच्छेद-२

## दरबन्दी सिर्जना, योग्यता र छनौट तथा नियुक्ति प्रक्रिया

**(३) पालिका स्वयम् सेवक शिक्षकको अनुदान कोटा सिर्जना गर्न सक्ने :**

(१) पालकाको कार्यपालिकाले बाल कक्षा, आधारभूत र माध्यमिक तहका गाउँ पालिका स्वयम् सेवक शिक्षकहरूको पाश्रमिक स्वरुप एकमूष्ट अनुदान विद्यालयलाई प्रदान गर्ने प्रयोजनका लागि पालिका स्वयम् सेवक शिक्षक अनुदान कोटा सृजना गर्न सक्नेछ ।

(२) स्वयम् सेवक शिक्षकको कोटा वितरण देहाय बमोजिम मापदण्डका आधारमा वितरण गरिनेछ-

(क) शून्य दरबन्दी भएको विद्यालयलाई पहिलो प्राथमिकता दिने,

(ख) एक जना मात्र शिक्षक दरबन्दी भएको विद्यालयलाई थप गर्ने,

(ग) विद्यालयमा संचालित कक्षा तह र विद्यार्थी संख्याको आधारमा मापदण्ड निर्धारण गरी वितरण गर्ने,

(घ) आधारभूत तह र माध्यमिक तहमा विषयगत दरवन्दीलाई समेत आधार लिएर वितरण गर्ने ।

(४) पालिका स्वयम सेवक शिक्षकको योग्यता तथा तालिम सम्वन्धी व्यवस्था दफा ३ बमोजिम सृजना भएका कोटामा नियुक्त हुने स्वयम सेवक शिक्षकको योग्यता तथा तालिम देहाय बमोजिम हुनेछ :

**१) बाल कक्षा नगर स्वयम सेवक शिक्षकः**

(क) मान्यता प्राप्त शिक्षण संस्थाबाट माध्यमिक शिक्षा उत्तीर्ण (SEE) वा सो सरहको परीक्षा उत्तीर्ण गरेको

(ख) नेपाली नागरिकता प्राप्त गरेको

**२) आधारभूत तह**

(क) सम्बन्धित विषयमा मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रविणता प्रमाण पत्र तह वा सो सरहको परीक्षा उत्तीर्ण गरेको

(ख) शिक्षा विषयमा कम्तिमा १० महिने तालिम पूरा गरेको वा शिक्षा शाम्यमा प्रविणता प्रमाण पत्र तह उत्तीर्ण

(ग) स्थायी अध्यापन अनुमति पत्र प्राप्त गरेको

(घ) नेपाली नागरिकता प्राप्त गरेको ।





**३) माध्यमिक तह कक्षा ९-१०**

(क) स्थायी अध्यापन अनुमति पत्र प्राप्त गरेको

(ख) नेपाली नागरिकता प्राप्त गरेको ।

(ग) सम्बन्धित विषयमा मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातक तह वा सो सरहको परीक्षा उत्तीर्ण गरेको

(घ) शिक्षा विषयमा कम्तिमा १७ महिने तालिम पुरा गरेको वा शिक्षा शास्त्रमा स्नातक तह उत्तीर्ण ।

**(५) उम्मेदवारको लागि अयोग्यताः** देहायको व्यक्तिहरु पालिका स्वयम् सेवक शिक्षक पदमा उम्मेदवार हुनको लागि योग्य हुन नसक्ने

(क) १८ वर्ष उमेर नपुगेको

(ख) ४० वर्ष उमेर पूरा भएको

(ग) मगज विग्रेको

(घ) नैतिक पतन देखिने फौदारी अभियोगमा अदालतबाट कसुरदार ठहरिएको भविष्यमा सरकारी नोकरी वा शिक्षक सेवाको लागि अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त गरिएको

(ङ) अध्यापन अनुमति पत्र नलिएको

(च) तालिम नलिएको

माथि जेसुकै लेखिए पनि वाल कक्षा शिक्षकको लागि अध्यापन अनुमति पत्र आवश्यक पर्ने छैन । तिन पटक विज्ञापन लगाउँदा पनि अध्यापन अनुमति पत्र प्राप्त व्यक्तिको निवेदन नपरेमा विज्ञान र कम्प्युटर विषयको हकमा अध्यापन अनुमति प्राप्त नभएको उम्मेदवारलाई विद्यालय व्यवस्थापन समितिले नियुक्त गर्न सक्ने छ ।

**(६) पाठ्यक्रम परीक्षा प्रणाली तथा मूल्याङ्कन प्रक्रियाः** परीक्षाको पाठ्यक्रम, परीक्षण प्रणाली तथा मूल्याङ्कन प्रक्रिया शिक्षक सेवा आयोगले तोके बमोजिम हुनेछ ।

**(७) स्वयम सेवक शिक्षकको पदपुर्ति देहाय बमोजिम गरिनेछ :**

(१) गुराँस गाउँपालिकाले अनिवार्य तथा निःशुल्क शिक्षा कार्यान्वय गर्नको लागि दरवन्दी अभाव भएको विद्यालयमा एकमुष्ट अनुदान निकासा गर्नको लागि सामुदायिक विद्यालयलाई प्रदान गरिएको गाउँ स्वयम् सेवक शिक्षक कोटामा स्वयम सेवक शिक्षक छनौट गर्न विद्यालयमा तपशिल बमोजिमको शिक्षक छनौट समिति रहने छ ।

(क) विद्यालय व्यवस्थापन समितिको अध्यक्ष वा अध्यक्षले तोकेको विद्यालय व्यवस्थापन समिति सदस्य - संयोजक

(ख) विद्यालय व्यवस्थापन समितिले छनौट गरेको ५ वर्ष स्थायी भएका विषय विज्ञ - सदस्य

(ग) शिक्षा शाखा प्रतिनिधि

(घ) सम्वन्धित विद्यालयको प्रधानाध्यापक - सदस्य सचिव

(२) विद्यालय व्यवस्थापन समितिले कम्तिमा ७ दिने विज्ञापन गर्नु पर्ने छ। विज्ञापनको सूचना वडा कार्यालय, पालिका, कार्यपालिकाको कार्यालय र सम्बन्धित विद्यालयको सूचना पाटिमा टाँस गर्नुको साथै स्थानीय एफ एम रेडियोमा समेत प्रसारण गर्नु पर्ने छ ।

(३) विषय विज्ञ छनौट : विद्यालय व्यवस्थापन समितिले विषय विज्ञ छनौट गर्दा शिक्षा प्रतिनिधिको रोहवरमा गोला प्रथाको माध्यमबाट परीक्षा संचालन गर्ने दिनको विहान छनौट गर्नु पर्ने छ र विषय विज्ञलाई छिटो साधनद्वारा परीक्षा हुने स्थानमा ल्याउनु पर्नेछ ।

(४) परीक्षा हुने मिति र केन्द्रः विद्यालय व्यवस्थापन समितिले तोके बमोजिम स्वयम् सेवक शिक्षक छनौट परीक्षाको मिति तय गरिनेछ। स्वयम् सेवक शिक्षक छनौट परीक्षा केन्द्र विद्यालयले आफ्नो अनुकुलता बमोजिम पालिकाको कार्यपालिकाको कार्यालयको भवनमा संचालन गर्न सक्ने छ।

(५) नियुक्तिः विद्यालय व्यवस्थापन समितिले स्वयम् सेवक शिक्षक छनौट समितिले सिफारिस गरेको सफल उम्मेद्वारलाई सिफारिस गरेको ७ (सात) दिन भित्र पालिका स्वयम् सेवक शिक्षक पदमा एक शैक्षिक सत्रको लागि करारमा नियुक्त गर्नुपर्नेछ ।

(६) स्वयम सेवक शिक्षक छनौट समितिको काम, कर्तव्य र अधिकारः

(क) लिखित परीक्षाको लागि निर्माण गरिएको प्रश्नपत्रको गोपनियता कायम राख्ने ।

(ख) मर्यादित ढङगले लिखित परीक्षा संचालन गर्ने गराउने ।

(ग) लिखित परीक्षाको नतिजा प्रकाशन गर्ने ।

(घ) अन्तरवर्ताको कार्यक्रम प्रकाशन गर्ने तथा अन्तरवार्ता लिने ।

(ङ) लिखित र अन्तरवार्ताको अन्तिम नतिजा प्रकाशन गर्ने ।

(च) नियुक्तिका लागि सिफारिस गर्ने ।





(छ) छनौट प्रक्रियामा कुनै द्विविधा उत्पन्न भएमा शिक्षक सेवा आयोग कार्यविधिको अवलम्वन गर्ने ।

**(८) निर्वाह भत्ता (पारिश्रमिक)**: गाउँ सभाले विनियोजन गरेको वजेटको परिधि भित्र रहेर गाउँ कार्यपालिकाले छुट्याएको पालिका स्वयम् सेवक शिक्षक कोटाहरुको लागि कार्यपालिकाको निर्णय बमोजिम पालिका स्वयम् सेवक शिक्षकको पारिश्रमिकको रुपमा निवार्ह भत्ता एकमुष्ट अनुदानको रुपमा एक किस्ता वा दुई किस्तामा विद्यालयलाई अनुदान स्वरुप निकासा गरिने छ र विद्यालयले नियुक्त गरेको पालिका स्वयम् सेवक शिक्षकलाई निर्वाह भत्ता पारिश्रमिकको रुपमा प्रदान गर्नु पर्नेछ ।

## परिच्छेद-३

**(९) पालिका स्वयम सेवक शिक्षक एकमुष्ट अनुदान खारेज गर्न सकिने** : संघिय सरकार तथा प्रदेश सरकारवाट शिक्षक दरवन्दी प्राप्त भएमा शिक्षक विद्यार्थी अनुपातमा शिक्षक पर्याप्त भएमा वा पालिकामा आर्थीक स्रोतको अभाव भएमा कार्यपालिकाले पालिका स्वयम सेवक शिक्षक अनुदान खारेज गर्न सक्ने छ ।

**१०) प्रचलित कानून लागू हुने** : यस कार्यविधिमा उल्लेख नभएका विषयहरु प्रचलित कानुनमा व्यवस्था भए बमोजिम हुनेछ ।

**११) अवकाश** : पालिका स्वयम सेवक शिक्षकको कार्य सम्पादन सन्तोषजनक नभएमा विद्यालय व्यवस्थापन समितिले जुनसुकै बखत अवकास गर्न सक्नेछ। नियुक्ति हुँदाका समयमा यस कार्यविधि बमोजिम योग्यता प्राप्त नभइ अयोग्य शिक्षकहरु नियुक्त भएको भएमा उक्त शिक्षकहरु यो कार्यविधि जारी भएको दिन देखी स्वतः अवकाश हुनेछ ।

१२) यस कार्यविधि विपरित कुनै विद्यालयले पालिका स्वयम् सेवक शिक्षक नियुक्ति गरेमा तथा कार्यविधि विपरित नियुक्ति भएका शिक्षकहरुलाई निरन्तरता दिएमा त्यसरी नियुक्त गर्ने पदाधिकारीबाट स्वयम सेवक शिक्षकले खाइपाइ आएको पारिश्रमिक वापतको रकम असुल उपर गरिनेछ। पालिका स्वयम् सेवकको निर्वाह भत्ता वापत निकासा हुने अनुदानलाई अन्य शिर्षकमा खर्च गरेमा खर्च गरेको रकम असुल उपर गरि नियमानुसार विभागिय कारवाही गरिनेछ ।

१३) **विशेष व्याख्या** : यो कार्यविधि जारी हुनु अगाडी पालिका शिक्षण सहयोग अनुदान मार्फत तलब भत्ता खाई हाल सम्म विभिन्न विद्यालयहरुमा कार्यरत शिक्षकहरुलाई एक पटकका लागि पालिका स्वयम् सेवक शिक्षकका लागि विभिन्न विद्यालयहरुले गर्ने विज्ञापनमा उमेरको हद लाग्ने छैन ।

१४) **अन्तिम व्याख्या**: कार्यविधि कार्यान्वयनमा कुनै दुविधा उत्पन्न भएमा अन्तिम व्याख्या गर्ने अधिकार कार्यपालिकालाई हुनेछ ।

१५) **खारेज** : कार्यपालिकाले यो कार्यविधि जुनसुकै बखत संशोधन तथा खारेज गर्न सक्नेछ ।

आज्ञाले
**बम बहादुर के.सी.**
**प्रमुख प्रशासकीय अधिकृत**